जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५५ २०८२ साल वैशाख ३१ गते बुधबार (14 May 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथा संवाद : हिमाल, ... ३ पृष्ठमा : विदेश पलायन रोज्ने ... ३ पृष्ठमा : डब्लुएचओद्वारा नाकाकन्दीका ...

## रोकिएनन् लेखापढीहरुको अनाधिकृत रकम असुली

# “दुई हजार पाँचसय देखी पाँच हजार रुँपैया” सम्म लिदै




**– शुल्क आधिकारीक होइन : प्रजिअ दाहाल**

**– यो सक्कली निर्णय होइन् : मालपोत प्रमुख खरेल**

**– शुल्क लिने कार्य तत्कालै बन्द गरिनुपर्छ : पत्रकार महासंघ अध्यक्ष देव**

**– २६ वटा संघ संस्थाहरुको प्रतिनिधिहरुबाट गरिएको निर्णय हो : लेखापढी अध्यक्ष यादव**

**नवीनकुमार गुप्ता**
**राजविराज, ३० वैशाख ।**

लामो समयदेखी राजविराज स्थित भूमिसुधार तथा मालपोत कार्यालय सप्तरीको हाताभित्र लेखापढी व्यवसायीहरुले सरकारी निर्णयको अवज्ञा गर्दै आइरहेका छन् । कार्यालय परिसर भित्रै टहरा निर्माण गरि नियम विपरीत लेखापढी व्यवसायीहरुले आ-आफ्नो गतिबिधी संचालन गरि कार्यालयको आदेश समेतको अवज्ञा गर्दै आइरहेको हो ।

नेपाल लेखापढी कानुन व्यवसायी एसोशिएसन मालपोत इकाई समिति राजविराजले जग्गा खरीद बिक्रि, रजिष्ट्रेशन, दाखा, नामसारी, जग्गा रोक्का लगायत मालपोतबाट हुने कार्यका लागि सेवाग्राहीबाट बैंक रोक्का (दृष्टिबन्धक) वापत रु. २ हजार पाँच सय, राजिनामा लेखत वापत रु. ३ हजार तथा दाखिल, खारेजी लगायत वापत रु. ५ हजारसम्मको दरले शुल्क लिई रसिद थमाउँदै गरेको सेवाग्राहीको गुनासो छ ।

सरकारले २०७८ साल मंसिर १५ गतेदेखी भू-सेवा (कम्प्युटर प्रणाली) केन्द्रबाट मालपोत कार्यालयको सम्पूर्ण काम गराउने व्यवस्था मिलाएको थियो । त्यसका लागि मालपोत कार्यालय राजविराजबाट ५२ वटा भू-सेवा केन्द्रले अनुमति लिए । कार्यालयमा ५० हजार धरौटी बुझाई उनीहरुले अनुमति पत्र पाएका हुन् । भू-सेवा केन्द्रबाटै सम्पूर्ण कामकाज हुने भएपछि लेखापढीहरुको कुनै काम नभएको भू-सेवाकर्ताहरुले बताएका छन् ।

यस सम्बन्धमा लेखापढी कानुन व्यवसायीका अध्यक्ष श्रीलाल यादवले २०७८ साल पुस महिनामा लेखापढीहरुको छलफलबाट जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी, मालपोत कार्यालय, पत्रकार महासंघ लगायत २६ वटा संघ संस्थाहरुको प्रतिनिधिहरुबाट गरिएको निर्णयले उक्त शुल्क निर्धारण गरिएको जनाए । उनले उक्त शुल्क लेखापढीहरुले पारिश्रमिक वापत लिने गरेको जानकारी दिए ।

उनले भने, “नेपालभरि मालपोत कार्यालयभित्र लेखापढीहरु रहने गरेको तर सप्तरीमा हामीले संघसंस्थाहरुको प्रतिनिधिहरुको निर्णयबाट शुल्क लिने गरेका छौं, तर, मालपोत कार्यालयले बास्तविक लेखापढीलाई भु-सेवाको मान्यता दिएनन् ।”

भूमिसुधार तथा मालपोत कार्यालयका प्रमुख लक्ष्मी प्रसाद खरेलले लेखापढीहरुले कुन वापत शुल्क लिने गरेको आफूलाई थाहा नभएको बताए । उनले शुल्क वापतको रसिद पनि कार्यालयमा नआउने गरेको प्रतिक्रिया दिए । “लेखापढीहरुले शुल्क निर्धारण गरेको निर्णय गरेको कुनै रेकर्ड कार्यालयमा छैन्, उनीहरुको निर्णय आधिकारीक होइन् । यो सक्कली निर्णय होइन् ।” खरेलले भने, “आफू कार्यालय प्रमुख भएर आउनु अघि देखी नै शुल्क लिने गरेको पाइएको छ । उनले थपे, “यो कानुन सम्वत छैन्, सेवाग्राहीले भु-सेवाबाट काम गराउनुपर्छ ।”

“अनाधिकृत रुपमा लेखापढी व्यवसायीहरुले मालपोत कार्यालय भित्र काम गरिरहेका छन्, उनले भने, “मैले पटक पटक मौखिक रुपमा कार्यालय परिसर खाली गर्न भनिसकेको छु । पछिल्लो पटक दुई हप्ताअघि मात्र लेखापढी व्यवसायी समितिमा लिखित रुपमै कार्यालय परिसर खाली गर्न पत्र दिइसकेको छु ।”

उनले नेपाल सरकारले लेखापढी व्यवसायीहरुलाई मालपोत कार्यालय भित्र प्रवेश नगराउन परिपत्र पठाएपनि यहाँ त्यस अनुसार नभएको बताउँदै प्रमुख खरेलले सरकारद्वारा जारि परिपत्रलाई कार्यान्वयन गराउनेतर्फ लागिपरेको जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले सरकारले भु-सेवा लागु गरिसकेको अवस्थामा लेखापढीहरुले लिने गरेको शुल्क आधिकारीक नभएको प्रतिक्रिया दिंदै यस सम्बन्धमा छिट्टै नै मालपोत कार्यालयसँग जानकारी लिने बताए ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले आफ्नो कार्यकालमा लेखापढी व्यवसायी समितिको कुनै पनि छलफलमा सहभागि नभएको बताएका छन् । “छलफलमै उपस्थित नभएपछी निर्णयमा सहमति जनाउने कुरै भएन्” उनले भने, “लेखापढी व्यवसायीले नियम विपरीत सेवाग्राहीहरुबाट लिने गरेको शुल्क तत्कालै बन्द गरिनु पर्छ ।”

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २०७९ फागुन १६ गते गरेको निर्णयमा “मालपोत कार्यालय हाताभित्र लेखापढी व्यवसायी संघसंस्थाले कार्यालय परिसरभित्र आफ्नो कार्यालय खोलेको भए भूमि व्यवस्थापन तथा अभिलेख विभागले सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी त्यस्ता कार्यालयहरु बन्द गराई उक्त स्थानमा मोठ/श्रेस्ता व्यवस्थापन गरी सो बारे मन्त्रालयलाई जानकारी गराउने” बारे उल्लेख छ ।

उक्त निर्णयलाई कार्यान्वयन गराउनका लागि लेखापढी कानुन व्यवसायी एशोसिएशन मालपोत ईकाई समिति सप्तरी राजविराजको नाउँमा घरटहरा खाली गर्न पहिलो पटक पटक २०७९ चैत ५ गते मालपोत कार्यालयका तत्कालिन प्रमुख रामनारायण शर्माले पत्र पठाएका थिए । तर सो निर्णयको कार्यान्वय नभएको भन्दै २०८० वैशाख २५ गते लेखापढी कानुन व्यवसायीको नाउँमा पुनः दोश्रो पटक पठाइएको पत्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमी व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौं र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोदार्थ गरिएको थियो ।

## राजविराज औद्योगिक क्षेत्र सञ्चालनको माग

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० वैशाख ।**

प्रतिनिधिसभा सदस्य रञ्जुकुमारी झाले राजविराज औद्योगिक क्षेत्र सञ्चालनको माग गरेकी छिन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा सांसद झाले आवश्यक साधन र स्रोतको प्रबन्ध गरेर सो औद्योगिक क्षेत्र सञ्चालन गर्न तथा आर्थिक विकासको मार्गमा स्थानीयवासीलाई केन्द्रित गर्न सरकारसँग माग गरिन् ।

करिब ३८ वर्ष अघि सप्तरीको राजविराजमा स्थापना भएको औद्योगिक क्षेत्र हालसम्म पनि सञ्चालनमा आउन नसकेकामा उनले गुनासो गरिन् ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School
Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
– CC Camera को निगरानीमा पठनपाठन गराइने ।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### प्रकृतीको संरक्षण गरौं

अहिले चारैतिर वायुमण्डलमा तातो हावा चलिरहेको छ । जसकारण गर्मी अत्यन्तै बढ्दै छ । खासगरी शहरी क्षेत्रमा ग्रामीण क्षेत्रका तुलनामा बढी गर्मी महसुस भइरहेको हुन्छ । शहरी क्षेत्रमा धेरै जनसंख्या बसोवास गर्ने गरेकाले जनघनत्वका कारण गर्मी बढ्दै गएको हो । अहिले गर्मीका कारण जनजीवन अस्तव्यस्त र प्रभावित बनेको छ । ग्लोबल वार्मिङ्गका कारण हरेक वर्ष तापमानमा वृद्धि हुँदै गएको छ । वन फँडानी र चुरे दोहनका कारण पनि तराई-मधेशमा यसको असर देखिदैछ । खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ ।

ग्लोबल वार्मिङ्गका कारण हाम्रो मौसमी चक्रलाई नै नराम्ररी प्रभावित बनाइरहेको छ । यसले गर्दा हाम्रो प्रकृति नै असन्तुलित हुँदै गएको छ । वर्षा न्यून हुँदै गएको छ जसले गर्दा अन्नबाली सप्रन पाएका छैनन् । हामीले गरेका गलत कार्यहरुका कारण ग्लोबल वार्मिङ्ग बढ्दै गएको छ । यस्तै रह्यो भने भोलिका दिनहरु अझ भयावह बन्ने निश्चित प्रायः रहेको छ । बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ । हामीले जानी नजानी प्रकृतिसँग खेलवाड गरिरहेका छौं जसको परिणाम स्वरुप ग्लोबल वार्मिङ्ग बढ्दै गइरहेको छ । यसलाई न्यून गर्दै फेरि पनि पृथ्वी र प्रकृतिलाई पुरानै गति र लयमा फर्काउने दायित्व पनि हाम्रै हो ।

हाम्रा गल्तीहरुका कारण ग्लोबल वार्मिङ्ग बढेको हो भने हाम्रै कारणबाट यसलाई ठीक पार्न सक्नु पर्दछ । तसर्थ प्रकृतिको संरक्षणका लागि रुखविरुवा रोप्ने कार्यलाई तीब्रता दिनु आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सगरमाथा संवाद : हिमाल, न्याय र समाधानको खोजी

**गीता पाण्डे**

काठमाडौँ, ३० वैशाख (रासस) ।

आज विश्वको मुख्य समस्या बनेको छ, जलवायु परिवर्तनजन्य सङ्कटहरू । यिनै जलवायुका असरहरूले पृथ्वी र मानव जातिको अस्तित्व नै सङ्कटमा पुऱ्याउने खतरा छ । यी खतराले उत्तिकै चिन्ता थपिएको छ । कालान्तरमा पृथ्वीको अस्तित्व नै समाप्त हुने हो कि भन्ने चिन्ता बढेसँगै समाधानको उपाय खोज्दै व्यापाक बहस र पैरबी चलिरहेको छ । जलवायुजन्य सङ्कटको उच्चजोखिममा परेको देशहरूमध्ये नेपाल पनि अग्रस्थानमा नै छ । यसको प्रत्यक्ष असरहरू विशेषगरी हिमाली क्षेत्रले भोगिरहेको छ । मनसुनजन्य विपद्ले बाढी तथा पहिरोजस्ता जलवायुजन्य घटनाहरू सृजना गरिरहेको छ । तिनै बाढी र पहिरोको जोखिममा छन्, कैयौं बस्तीहरू । हाम्रा भौतिक संरचनाहरू नाश भई राज्यले अर्बौंको आर्थिक क्षति व्यहोर्नुपरेको तीतो यथार्थ हामीमाझ छ । कृषि क्षेत्रमा उस्तै असर देखिन थालेका छन् । कृषि उत्पादन घटेर भोकसँग जुध्न बाध्यता र कृषिजन्य वस्तुमा मुलुक आत्मनिर्भर बन्न चुनौती पनि थपिएको छ । जलवायु परिवर्तनले ल्याएको यी सङ्कटहरू दिन प्रतिदिन गहिरिँदै गएका छन् ।

जलवायुजन्य सङ्कटको थुप्रै उदाहरणहरू हाम्रासामु छन् । नेपालजस्तो हिमाली मुलुकलाई जलवायु परिवर्तनको असरले पुऱ्याएको क्षति र सम्भावित जोखिमले चिन्ता थपिएको छ ।

साथै, बहस र चर्चा भने बढाएकै छ । सगरमाथा शिखर पर्यटकको आकर्षण हो । पानीको स्रोत पनि हो । हिमालले संसारलाई पानी दिलाएको छ । संसारका अर्बौं मानिसका लागि पानीको स्रोत बनिरहेका छन् । हिमाल पग्लिएर पानीको स्रोत नै सुक्दै गयो भने पानीको अभावको खतरा बढ्न सक्छ । विश्व तापमान वृद्धिको गति तीव्र हुँदै जाँदा जलवायु सङ्कट बढ्ने खतरा बढाएको छ । यसै विषयमा बहस र चर्चा भइरहँदा पछिल्ला वर्षहरूमा जलवायुजन्य सङ्कटका विषयवस्तु वातावरणीय मुद्दा मात्रै नभएर राजनीतिक, सामाजिक तथा आर्थिक मुद्दा पनि बनेको छ । साथै, न्याय र समानताको गहिरो बहसको विषय बनेको छ ।

नेपाललगायत विश्वका विभिन्न मुलुकहरूले लामो समयदेखि भोगिरहेको यी र यस्ता जलवायुजन्य असरको मद्दा विश्वव्यापी बहस बन्दै जानु र राजनीतिक रूपमा चासो बढ्नु भने सकारात्मक पक्षका रूपमा लिन सकिन्छ । सगरमाथा संवाद २०२५ नेपालको पहलमा हुन लागेको छ । जुन यस्तो उच्चस्तरीय मञ्च हो, जसले 'जलवायु परिवर्तन, पर्वत र मानव भविष्य' जस्ता महत्वपूर्ण मुद्दालाई केन्द्रमा ल्याएको छ ।

विश्वभरका सरोकारवालाबीच नयाँ खालको संवाद सुरु गर्ने नयाँ र उत्कृष्ट कामको थालनी भएको छ । यो सम्मेलनले नेपाललाई मात्र होइन, समग्र पर्वतीय राष्ट्रहरूलाई जलवायु समाधानका साझेदारका रूपमा चिनाउने अवसर प्रदान गर्नेछ ।

पछिल्ला अध्ययनहरूले पनि के देखाएको छभने हिमालय क्षेत्रको वातावरणीय सङ्कट आजको विश्व जलवायु चुनौतीको केन्द्रविन्दु बनेको छ । हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् । यसले दुई अर्बभन्दा बढी जनसङ्ख्या निर्भर रहेको जलस्रोतमा गम्भीर सङ्कट उत्पन्न हुने अध्ययनहरूले देखाएको छ । संयुक्त राष्ट्र सङ्घले सन् २०२५ लाई अन्तरराष्ट्रिय हिमनदी संरक्षण वर्ष घोषणा गरेको छ । सरकारहरू जवाफदेही र प्रभावकारी हुन र औद्योगिकीरणको गतिलाई सीमित पार्न यसले विश्वका हिमताल पग्लँदै गएको कटु यथार्थ सामना गर्न उपयुक्त अवसर प्रदान गर्नसक्छ ।

नेपालमा जलवायु परिवर्तनको प्रभाव झन् गहिरो रूपमा देखापरेको छ । निरन्तर तापमान वृद्धिसँगै बढेको अतिवृष्टि, खडेरी, अतिगर्मी, बाढी, पहिरो र डढेलोको प्रकोप बढाएको छ । यसले गर्दा कृषि प्रणाली, पानीको आपूर्ति, जनस्वास्थ्य र जनजीविकामा नकारात्मक प्रभाव पारेको छ । नेपालमा पछिल्ला दशकहरूमा जलवायुजन्य प्रकोपहरू बढ्दै गएका छन् । यसरी जलवायुजन्य घटनाको तीव्र बढोत्तरी हुने तर त्योसँग जुध्ने स्रोतसाधन र सामर्थ्यको अभाव हुने हुँदा नेपाल जलवायु परिवर्तनको खतराको हिसाबले विश्वमै उच्च जोखिममा रहेको मुलुकको श्रेणीमा परेको छ । विसं २०२४ मा मात्र तीव्र मौसम घटनाहरूले पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ र हजारौँलाई विस्थापित बनाएको छ । आर्थिक दृष्टिले हेर्दा यस प्रकोपले देशलाई रु ४६.६८ अर्ब नेपाली बराबरको क्षति पुऱ्याएको थियो ।

नेपालजस्ता कम कार्बन उत्सर्जन गर्ने मुलुकहरूले आज उच्च जोखिममा छन् । आजको परिवर्तित सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशमा जलवायु परिवर्तन केवल वातावरणीय चुनौतीका रूपमा मात्र होइन, आधारभूत मानव अधिकार, न्याय र समानताको मुद्दाका रूपमा स्थापित भइसकेको छ । यस सङ्कटको प्रभाव सबैभन्दा बढी हाम्रो जस्तो हिमाली देश र विशेषगरी ग्रामीण क्षेत्रका महिला, बालबालिका, दलित, लोपन्मुख, सीमान्तकृत, यौनिक तथा अल्पसङ्ख्यक, एकल महिला, युवा, आदिवासी जनजाति, साना किसान, अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा पिछडिएका समुदायहरूले सामना गरिरहेका छन् । यसले ऐतिहासिक र परम्परागत रूपमा जीवित रहेको सामाजिक-सांस्कृतिक र जैविक विविधताको संरक्षण गर्ने परिपाटीमा खलल मात्र पुऱ्याएको छैन्, असमानता र आर्थिक सङ्कट समेत निम्त्याउने निश्चित छ । यी समुदायहरू केवल पीडित मात्र होइनन्, यी हाम्रा साझा स्रोतहरूको संरक्षक र जलवायु समाधानका प्रमुख साझेदार पनि हुन् भनेर बुझ्न जरुरी छ तर पनि यिनै समुदायहरूको अनुभूति र ज्ञान राष्ट्रिय र अन्तरराष्ट्रिय जलवायु वार्तालापहरूमा प्रायः सुनिएको हुँदैन ।

बढ्दो चिन्ता र चासोका बीच नेपाल सरकारले हिमालय क्षेत्रको चुलिँदो वातावरणीय सङ्कटमा विश्वको ध्यान केन्द्रित गर्न सगरमाथा संवाद २०२५ आयोजना गर्न लागेको छ । 'जलवायु परिवर्तन, पर्वत र मानव भविष्य' भन्ने विषयमा केन्द्रित उच्चस्तरीय सम्मेलन १६ देखि १८ मे २०२५ सम्म काठमाडौँमा हुँदैछ । यो ऐतिहासिक मञ्च हिमाली 'एजेन्डा'लाई विश्वव्यापी जलवायु बहसको केन्द्रमा ल्याउने लक्ष्यमा उन्मुख छ ।

जलवायु परिवर्तनसँग अनुकूलन गर्न र विनाशकारी विपद् घटनाहरूले पुऱ्याएको हानि-नोक्सानीसँग जुध्न पर्याप्त स्रोत र प्रविधि प्रयोगको गहिरो अभाव छ । जलवायु न्यायको वकालतलाई प्रभावकारी बनाउने र जलवायु वित्त बढाउने नीतिगत र संस्थागत सुधार पनि आवश्यक छ । यसका लागि सरकारहरूबीच मात्र नभई अन्य सरोकारवालाबीच समन्वय संयन्त्रहरू प्रभावकारी हुन आवश्यक छ । जलवायु न्यायका लागि लैङ्गिक समानता र महिला नेतृत्वलाई प्रवर्द्धन गर्नुपर्छ । समावेशी र रुपान्तरणकारी पर्वतीय विकास सुनिश्चित गर्न महिला र युवाले नेतृत्वमा छुट्टै कोष र क्षमता-निर्माणसम्बन्धी कार्यक्रमहरू सुनिश्चित गर्दै जलवायु र वातावरण संरक्षक र अभियन्ताहरूको मर्यादा र सुरक्षा तथा आदिवासी जनजाति, युवा र अन्य सीमान्तकृत समुदायहरूको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि सरकारहरूले ध्यान दिन जरुरी छ ।

जलवायु उत्थानशीलताका लागि बजार तथा नाफामुखी समाधानका उपायहरूले थप जलवायु अन्याय बढाउने भएकाले यस्ता समाधानका उपाय निरुत्साहित गर्नुपर्छ । नेपालका लागि जलवायु न्याय सुनिश्चित गर्न अन्तरराष्ट्रिय जलवायु वित्तीय सहयोग न्यायसङ्गत, समावेशी र पहुँचयोग्य हुनु अत्यावश्यक छ । यस्तो सहयोग पूर्वानुमानयोग्य, पारदर्शी र मुख्यतः अनुदानमा आधारित हुनुपर्छ, जसले नेपालको ऋणभार थप नबढाओस् । उपलब्ध स्रोतहरू स्थानीय नेतृत्वमा आधारित अनुकूलन प्रयासहरू, समुदायको सहनशीलता अभिवृद्धि, र लैङ्गिक तथा सामाजिक समावेशीकरणमा केन्द्रित हुनु पर्दछ ।

नेपालले आफ्नो जलवायु कूटनीतिक नेतृत्व सुदृढ गर्दै जलवायु परिवर्तनका असरहरूविरुद्ध पहिलेदेखि नै अग्रसरता लिएको छ । सन् २००९ को कालापत्थर मन्त्रिपरिषद् बैठकदेखि २०२२ को मुस्ताङ घोषणापत्रसम्म नेपालले हिमाली क्षेत्रको संरक्षणलाई अन्तरराष्ट्रिय बहसमा उठाउँदै आएको छ । हाम्रा विगतका यात्रा प्रतिबिम्बित गर्न सगरमाथा संवादमा छलफलका प्रमुख क्षेत्रहरू पहिचान गर्दै पेरिस सम्झौता र यस्तै अन्तरराष्ट्रिय सन्धिहरूमा व्यवस्था गरिएअनुसार वित्त, प्रविधि र क्षमता विकासको माग गर्नु आवश्यक छ । सगरमाथा संवादमा सहभागी मुलुकहरूबीच साझा आवाज र समन्वय खोजी गर्दै यो छलफल नेपालले उत्सर्जन न्यूनीकरण र अनुकूलनमा हासिल गरेका सफलताहरू प्रवर्द्धन गर्न उत्कृष्ट अवसर पनि बन्न सक्छ ।

यस्तो सङ्कटपूर्ण अवस्थामा, सगरमाथा संवाद २०२५ ले अन्तरराष्ट्रिय एकता, समन्वय र साझा दृष्टिकोण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्न जरुरी छ । औद्योगिक राष्ट्रहरूले उत्सर्जन कटौतीमा गम्भीर प्रतिबद्धता जनाउनुपर्छ र जलवायु वित्त र प्रविधि स्थानान्तरणमा उदार हुनुपर्छ । जलवायु न्यायतर्फ नेपालको यात्रालाई सुव्यवस्थित गर्न रणनीतिक मार्गचित्रको तयारी र कार्यान्वयन अपरिहार्य छ । हिमालको क्षति, हानी-नोक्सानी, विपद् जोखिम न्यूनीकरण र दिगो विकासका लागि छुट्टै पर्वतीय जलवायु वित्त संयन्त्र स्थापना गर्न नेपालले नेतृत्व लिन पहल गर्न सक्नुपर्छ । जलवायु वित्त ऋणमा आधारित नभई अनुदानमा आधारित भएको सुनिश्चित गर्दै राष्ट्रिय प्राथमिकताहरू र पर्वत विशेष आवश्यकताहरूसँग मिल्ने अन्तरराष्ट्रिय कोष परिचालन गर्न बहुपक्षीय र क्षेत्रीय कूटनीतिक मञ्चहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन जरुरी छ ।

सगरमाथा संवादलाई अझ उच्चस्तरको बनाउन यसको पूर्वतयारीका बैठकहरू क्षेत्रीय र अन्तरराष्ट्रिय तहमा जस्तो सार्क, बिम्स्टेक, हिन्दकुश हिमालय, युरोप, अफ्रिका तथा अमेरिकी महादेशहरूमा क्रियाशील संयन्त्रहरूसँग संवाद र छलफलको आयोजना गर्न सकिन्थ्यो तर त्यतातिर ध्यान पुगेको देखिएन । सगरमाथा संवाद नेपालका लागि मात्र नभई समग्र पर्वतीय राष्ट्रहरूको लागि नीति निर्माणको एउटा सान्दर्भिक नीति मञ्च हो । जलवायु न्यायको लागि साझा जोखिम र उपलब्धि साझा पैरवीलाई सशक्त बनाउन विश्वव्यापी जलवायु बहसमा हिमाल र टापु राष्ट्रहरूबीच रणनीतिक सहकार्यलाई प्रवर्द्धन गर्ने बाटो पहिल्याउन यस संवाद महत्वपूर्ण भूमिका खेल्न सक्छ । यसको प्रभावकारिताका लागि समुदायका आवाज, प्रयास र अनुभव र जनसम्बन्धहरूलाई प्राथमिकता दिन उत्तिकै अपरिहार्य छ ।

यस संवादले नेपाललाई 'जलवायु प्रभावित'का रूपमा मात्र नभई 'जलवायु समाधानका साझेदार'का रूपमा प्रस्तुत गर्ने अवसरको फाइदा लिन सक्नुपर्छ । यसले सिर्जना गरेका अवसरहरूलाई नेपालले सदुपयोग गर्न जरुरी छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारहरूको भूमिका फरक-फरक स्तरमा सन्दर्भ अनुकूल जलवायु कार्यहरूको निर्माण र कार्यान्वयन गर्न महत्वपूर्ण छ, जसले जलवायु कार्यहरूको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ । स्थानीय अनुभव, वैज्ञानिक प्रमाण र समावेशी दृष्टिकोणको संयोजनमार्फत सगरमाथाबाट उठ्ने आवाजले जलवायु न्याय र विश्वव्यापी सहयोगका लागि पक्कै पनि नयाँ दिशा दिने नै छ । (जलवायु अभियन्ता लेखिकासँग राससकी प्रगति ढकालले गरेको कुराकानीमा आधारित)

# विदेश पलायन रोज्ने कि देशमै केही गर्ने ?

**रिसब गौतम**

काठमाडौँ, ३० वैशाख (रासस) ।

बहाना बनाउने हो भने त तर्कहरू धेरै गर्न सकिएला । तर यथार्थमा जिउने, देशलाई माया गर्ने र स्वदेशमै केही गर्न खोज्ने हो भने अवसरहरू यहीँ पनि छन् । हिजोआज विदेशका राम्रा अवसरहरू त्यागेर स्वदेशमै केही गर्न तम्सिएकाहरू नभएका पनि होइनन् । त्यो जमात बढिरहेको देखिन्छ । खासगरी अमेरिका र युरोपजस्ता विकसित देशहरूले गैरकानुनी रूपमा बसोबास गरेका आप्रवासीहरूलाई लेखेट्न थालेपछि विदेशमा रहेकाहरूले पक्कै असुरक्षित महसुस गर्न थालेका छन् । विदेशमा विभिन्न खालका बसोबास अनुमतिपत्र आदि जे भने पनि ती देशहरू हाम्रा होइनन् । कहिल्यै हुँदैनन् पनि । उनीहरूले कालान्तरमा जस्ता पनि निर्णयहरू लिन सक्छन् । जो अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लिइरहेका छन् । त्यस्ता निर्णयहरू वा आउनसक्ने नयाँ प्रावधानहरूले विदेशमा बस्ने नेपालीहरूको आजको भनिएको सुख क्षणभरमा दुःखमा परिणत गराउन पनि सक्छ ।

त्यसकारण जति नै दुःख र सङ्घर्ष भए पनि स्वदेशमै भविष्य खोज्नु आजका युवाको दायित्व हो । आजको आधुनिक शिक्षादीक्षाले सुसज्जित युवाहरूले शिक्षाको उज्यालो ज्योतिको प्रकाशले देशमै भविष्य देख्नुपर्छ र खोज्नुपर्छ । भएका तमाम अप्ठेरा र चुनौतीहरू सम्हालेर आफ्नै देशमा गरिने सङ्घर्षले व्यक्ति मात्रै बन्दैन, देश पनि बन्छ । कुनै बेला आजको चीनमा ४० करोडभन्दा बढी मानिस भोकमरीग्रस्त थिए । उनीहरूले एक छाक खाएर पनि आफ्ना देश बनाएका हुन् भनेर आज पनि पढिन्छ । सन् १९७८ देखि देङ स्याओ पिङले चीनमा आर्थिक सुधारको थालनी गरेका हुन् । देशलाई क्रमशः उदार, व्यापार व्यवसाय एवं निजी क्षेत्र मैत्री आर्थिक व्यवस्थातिर लगेका हुन् । आजको चीनले आफूलाई विश्वको दोस्रो अर्थतन्त्र ( १९ ट्रिलियन डलरको कुल ग्रार्हस्थ्य उत्पादन) बनाएको छ । एक अर्ब ४० करोड बढी चिनियाँ जनताको प्रतिव्यक्ति आय आज १३ हजार ७०० डलर पुगिसकेको छ । त्यो सबै कुरा स्वदेश बनाउन नै युवाहरू लागिपरेबाट सम्भव भएको हो । आजका दिनमा चिनियाँहरू स्वदेशमै बस्न रुचाउँछन् । स्वदेशमै अनेक अवसर खोज्छन् । व्यापारमार्फत विश्वव्यापी पहुँच र प्रभाव बढाएका छन् । तर नेपाली युवाहरू भने अनेक बहानामा विदेश नै पलायन हुन लालायित छन् । पलायन यसरी बढ्दो छ कि धेरै त नर्फकिने मनसायले विदेश गइरहेका छन् । उतै घरजम गर्ने सपना देखिन्छन् । जुन नेपाली समाजको अहिलेको विकराल पीडा हो । तसर्थ, नेपाली युवायुवतीको सोच र सपना बदल्नुपर्ने बेला आएको छ । उनीहरूले आफ्ना शिक्षादीक्षा र पाखुरा स्वदेशकै लागि समर्पण गर्ने बेला आएको छ ।

विक्रम संवत् २०७८ को जनगणना र मध्यपहाडी लोकमार्ग भएर अघिल्लो वर्ष नेकपा (एमाले)ले गरेको पैदल यात्रामा पहाडबाट बसाइँसराइ अत्यधिक बढेको कुरा आएको थियो । फलस्वरुप नेपाली मिडियामा बसाइँसराइ विशेष सघन बहसहरू भए । विकासको सन्तुलन र जनताको आकाङ्क्षा बुझ्न् सो बहस सान्दर्भिक हो । तर समकालीन नेपालमा बसाइँसराइभन्दा बढी देशै छोडेर विदेसिनेहरूले पीडा दिएको समय हो ।

देशमा रोजगारी छैन । कानुनको सर्वोपरि कार्यान्वयन पनि छैन । सिस्टम बसेको छैन । झमेलाहरू छन् । हो सबै छन् । तर उद्यम व्यवसाय गर्न, आफ्नो सोचको कार्यान्वयन गर्न र राज्यलाई त्यसतर्फ घच्घच्याउन त हाम्रो कानुनहरू बाधक छैनन् । सबैले उद्यम व्यवसाय गर्न पाउने, लेख्न बोल्न पाउने, आफ्ना आवश्यकता र माग राज्यसँग राख्न पाउने अधिकार युवाहरूसँग छन् । नमिलेका कुराहरू मिलाउन सकिन्छ । युवाहरूका चाहना र आवश्यकताअनुसारका कानुन बनाउन सकिन्छ । बजेटमार्फत युवामैत्री कार्यक्रमहरू ल्याउन सकिन्छ । तर यी सबै विकल्पहरू त्यागेर विदेशको सुखलाई सपना बनाउनु राम्रो हुँदै होइन ।

वास्तवमा अहिले त्यसरी विदेसिएकाहरूमध्ये युरोप, अमेरिका र अष्ट्रेलिया गएकाहरू सदाका लागि उतै बसोबास गर्ने गरी अन्तरदेशीय अघोषित बसाँइसराइ गरिरहेका देखिन्छन् । देशभित्रैबाट अर्को कुनै ठाउँमा बसाइँसराइ बढ्नु आजको आधुनिक समयमा सामान्य हो तर विदेशमा पलायन हुनुले दीर्घकालीन असर पार्दछ । यो सब अवस्था कसले निम्त्यायो ? विकासमा हामी किन पछि पर्‍यौं ? रोजगारी सिर्जनामा हामी किन पछि पर्‍यौं ? हामीलाई कसले रोक्यो ती काम गर्न ? अब ती कुरामा पनि बहसको खाँचो त छ । अन्यथा आगामी दिनहरूमा हाम्रा सारा युवाहरू विदेसिने छन्, जसलाई रोक्न सकिने छैन । अनि युवाहरू नै नभएपछि हुन्छ विकास कसरी ? फेरि त्यो विकास कसका लागि ? युवाहरू नै नभएपछि उपभोक्तामा माग कसरी बढ्छ ? बजार कसरी चलायमान हुन्छ ? अर्थतन्त्र कसरी चलायमान हुन्छ ? सबै कुरा जनसङ्ख्याले, उपभोग बढाउने उमेरले निर्धारण गर्ने हो । बुढ्यौली भनेको जीवन बिसाउने तयारीको उमेर हो । बालबच्चाहरू भनेका शारीरिक रूपमा परिपक्व नभएका काँचा माटो सरह हुन् । त्यसकारण देशको विकासका लागि पढेलेखेका, सीप र दक्षताले योग्य, प्राविधिक युवाहरूबाट हुने हो । तिनै बाहिरिएपछि देशको आकर्षण हराउनु स्वाभाविक हो ।

हरेक वर्ष नेपालको श्रम बजारमा करिब पाँच लाख युवा आइरहेका हुन्छन् । तीमध्ये साढे तीन लाखजसो बर्सेनि बाहिरिँदै गरेको नमीठो तथ्याङ्क पनि आउने गर्छ । अर्थात् श्रम बजारमा आउने सबैजसो युवाहरूले नेपालमा भविष्य देखिरहेका छैनन् । सरकारले आवश्यक चिन्ता प्रकट गरेर युवा पलायन रोक्ने कार्यक्रम र अभियान चलाउन सकेको छैन । आम युवाहरू देशमा केही नदेख्ने तर विदेशमा सबै देख्ने अवस्था राजनीतिक दलहरूका नेताहरूको अदूरर्शिताले सिर्जना गरेको हो । अष्ट्रेलिया, बेलायत, अमेरिकाजस्ता विकसित देशहरूमा पढ्न जाने विद्यार्थीहरूमा सङ्ख्यात्मक रूपमा नेपालीहरू भारत र चीनपछि तेस्रो-चौथो नम्बरमा आउन थालेका छन् । संसारभरका १०६ वटा देशका साढे १० हजार शिक्षण संस्थामा नेपाली विद्यार्थीलाई अध्ययन गर्न शिक्षा मन्त्रालयले अनुमति दिइसकेको अवस्था छ । पढ्नका लागि मात्रै अरबौं पैसा बर्सेनि बाहिरिरहेको अवस्था छ ।

पढ्नका लागि होस् वा पढ्ने बहानामा कमाउनका लागि होस् युवायुवतीहरू अहिले अमेरिका, अष्ट्रेलिया, बेलायत, युरोप, जपान, कोरिया र खाडी मुलुकहरूलगायत संसारभर पुगिसकेका छन् । यसरी संसारभर काम र दाम, सुखभोगको खोजीमा निस्किएका युवायुवतीले स्वदेशलाई नै अँध्यारो बनाएका छन् । मुलुकमा करिब काम गर्नसक्ने सार्मथ्य राख्ने युवाहरू रित्तिएको अवस्था छ । तर सरकारसँग युवाहरूको पलायन रोक्ने कार्यक्रमहरू छैनन् ।

त्यसकारण आउँदै गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट युवामैत्री हुनुपर्छ । त्यसले युवाहरूको रोजगारी र उद्यम व्यवसाय गर्ने वातावरण बनाइदिनुपर्छ । अर्थात् आगामी बजेट विकासका ठूलाठूला परियोजनाहरूलाई भन्दा युवा जनशक्ति व्यवस्थापनमा बढी खर्च गर्नेगरी ल्याइँदा राम्रो हुन्छ ।

अन्यथा भएभरका युवायुवतीहरू विदेश पलायन भइरहँदा नेपालको आधुनिक विकास 'आकासको फल आँखा तरी मर' भन्ने जस्तो हुन्छ । पछिल्लो २०७८ सालको जनगणनाअनुसार नेपालमा अहिले सबैभन्दा बढी काम गर्नसक्ने युवाहरूको जनसङ्ख्या छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको २०७८ सालको जनगणना विवरणअनुसार मुलुकमा अहिले ६१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका मानिसको जनघनत्व रहेको छ । त्यो समूह भनेको काम गर्नसक्ने युवा बाहुल्य उमेर समूह हो । तर विडम्बना त्यही उमेर समूहभित्रका धेरैजसो विदेसिएको अवस्था छ । त्यसकारण सरकारले देश नबन्नुका कारण युवा शक्ति बाहिरिनुले पनि हो भन्ने तथ्य राम्ररी बुझ्न् जरुरी छ । यो देश बन्न र बनाउनका लागि काम गर्न सक्ने जल्दाबल्दा युवाशक्ति र पुँजीको अपरिहार्यता छ । त्यसपछि आवश्यक योजना, प्रविधि र सीप तथा स्रोतको आवश्यक हो । उनीहरूलाई कसरी देशमै अड्याउने, कसरी काम दिने, कसरी रोजगार एवं सीपमूलक बनाउने सम्बन्धमा ठोस योजनासहितको कार्यक्रम तथा बजेट सरकारले ल्याउन जरुरी छ ।

अबको ३२ वर्ष नेपालको जानसाङ्ख्यिक अवस्थाबाट देशले अत्यन्तै लाभ लिन सकिने अवस्था छ । वयस्कहरूको बर्चस्वको अवस्था देशका लागि लाभप्रद हुनसक्छ । राजनीति गर्नेहरूले युवा शक्तिको मर्म अहिले पनि बुझ्नेनन् भने अब ३२ वर्षपछि नेपालको जनसङ्ख्याको घनत्व बुढाहरूले हड्प्नेछन् । अनि त नेपाल विकास नभई बुढो हुनेछ । त्यसैले अहिले नै दीर्घकालीन सोच राख्न जरुरी छ । (लेखक आर्थिक विषयमा कलम चलाउने गर्नुहुन्छ)

# सगरमाथा संवादमा १७५ विदेशी विशिष्ट पाहुना

काठमाडौँ, ३० वैशाख (रासस) ।

नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा आयोजना गर्ने 'सगरमाथा संवाद'मा एक सय ७५ विदेशी पाहुना सहभागी हुने भएका छन् ।

परराष्ट्रमन्त्री तथा सगरमाथा संवाद व्यवस्थापन समितिका संयोजक डा आरजु राणा देउवाले संवादको तयारीका सम्बन्धमा मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा विदेशी पाहुनासहित करिब त्यतिकै सङ्ख्यामा नेपाली सहभागी हुने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "संवादमा करिब ३५० जना सहभागी हुनुहुनेछ । बाह्य देशको उच्च तहको प्रतिनिधिमण्डल सहभागी हुने छ ।"

पहिलो संस्करणको सगरमाथा संवादको मुख्य विषय 'जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य' रहेको छ । सगरमाथा संवाद नेपालले स्थापना गरेको एउटा अन्तरराष्ट्रिय मञ्च हो । मानव जगतका विभिन्न समस्या र मुद्दाबारे संवाद गर्ने, छलफल गर्ने तथा समाधानका लागि एउटा निष्कर्षमा पुग्ने यसको उद्देश्य रहेको छ ।

"संवादको तयारी अन्तिम चरणमा पुगेको छ । हामीले तयारीका विभिन्न चरण पार गरी यहाँसम्म आइपुगेका छौँ । हामीले १० वटा जति पूर्वसंवादलगायतका तयारी पूरा गरेका छौँ," मन्त्री डा राणाले भन्नुभयो ।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट सम्बोधन हुने उक्त समारोहमा परराष्ट्रमन्त्री डा राणाले स्वागत मन्तव्य दिने कार्यक्रम छ । उक्त कार्यक्रममा संवादसम्बन्धी तयार पारिएको एक चिनारीयुक्त श्रव्यदृश्य सामग्री

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## डब्लुएचओद्वारा नाकाकन्दीका कारण गाजामा अनिकाल र जोखिमको चेतावनी

जेनेभा, ३० वैशाख (रासस/क्युएनए) ।

लामो समयसम्म जारी नाकाबन्दीले मानवीय सहायता प्रवाह नहुँदा गाजामा अनिकाल र जोखिमको खतरा बढिरहेको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले चेतावनी दिएको छ ।

गाजाको सम्पूर्ण २१ लाख जनसङ्ख्याले लामो समयसम्म खाद्यान्नको अभावको सामना गरिरहेको र करिब पाँच लाख मानिस भोक, तीव्र कुपोषण, भोकमरी, रोग र मृत्युको विनाशकारी अवस्थामा छन् । डब्लुएचओले एक विज्ञप्ति जारी गर्दै यो विश्वको सबैभन्दा खराब भोक सङ्कटहरू मध्ये एक हो, जुन वास्तविक समयमा प्रकट हुन्छ भनेको छ ।

डब्लुएचओ सदस्य रहेको एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण ( आइपिसी) साझेदारीले आज खाद्य सुरक्षा विश्लेषण जारी गरेको छ ।

"हामीले गाजामा अनिकालको घोषणाका लागि पर्खनु पर्दैन, खाना र औषधिहरू सीमापार केही मिनेट टाढा हुँदा पनि मानिसहरू भोकमरी, बिरामी र मर्दै छन्", डब्लुएचओका महानिर्देशक टेड्रोस अधोनम गेब्रेयससले भन्नुभयो, "आजको रिपोर्टले खाना र आवश्यक आपूर्तिको तत्काल पहुँचबिना, स्थिति बिग्रँदै जानेछ, अधिक मृत्यु र अनिकालमा फर्नेछ भन्ने देखाउँछ ।"

अनिकाल अझै घोषणा गरिएको छैन, तर मानिसहरू अहिले भोकमरीमा छन् । गाजाको तीन चौथाइ जनसङ्ख्या 'आपतकालीन-विनाशकारी' अभावमा छन् । यो आइपिसीको खाद्य असुरक्षा र पोषणको अभावको पाँच-स्तरको मापनको सबैभन्दा खराब दुई स्तर हो । यदि स्थिति जारी रह्यो भने पाँच वर्षमुनिका करिब ७१ हजार बालबालिका आगामी ११ महिनामा तीव्र कुपोषण हुने अपेक्षा गरिएको आइपिसीको रिपोर्टमा उल्लेख छ ।

## शेख हसिनाको पार्टी निर्वाचनबाट प्रतिबन्धित

ढाका, ३० वैशाख (रासस/एएफपी) ।

बङ्गलादेशको निर्वाचन आयोगले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको राजनीतिक दल अवामी लिगको भविष्यको संसदीय चुनावमा सहभागिता रोक्ने गरी दर्ता निलम्बन गरेको छ ।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको अन्तरिम सरकारले आइतबार अवामी लिगलाई प्रतिबन्ध लगाएपछि यो कदम आएको हो । यो प्रतिबन्ध गत वर्ष हसिनालाई अपदस्थ गर्न प्रेरित गरेको सामूहिक विरोध प्रदर्शनमा गरेको दमनको मुद्दाको फैसला नआएसम्म जारी रहने छ । अवामी लिग बङ्गलादेशको सबैभन्दा पुरानो राजनीतिक दल हो र यसले सन् १९७१ मा देशको मुक्ति युद्धको नेतृत्व गरेको थियो । संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२४ जुलाई-अगस्टमा हसिनाको सरकारले विपक्षीमाथि कारबाही गर्न क्रूर अभियान चलाउँदा एक हजार चार सय प्रदर्शनकारीको मृत्यु भएको थियो ।

सतहत्तर वर्षीया हसिना भारतमा स्व-निर्वासनमा हुनुहुन्छ र मानवता विरुद्धको अपराधको आरोपमा ढाकाबाट गिरफ्तारी वारेन्टको अवहेलना गर्नुभएको छ । बङ्गलादेश निर्वाचन आयोगका वरिष्ठ सचिव अख्तर अहमदले गृह मन्त्रालयको सिफारिसका आधारमा अवामी लिगको दर्ता निलम्बन गरेको बताउनुभयो ।

"गृह मन्त्रालयले बङ्गलादेश अवामी लिग र यससँग जोडिएका संस्थाहरूको सबै प्रकारका सङ्गठनात्मक गतिविधिहरूमा प्रतिबन्ध लगाएको छ", उहाँले सोमबार राति पत्रकारहरूलाई भन्नुभयो, "त्यो निर्णयलाई निरन्तरता दिँदै निर्वाचन आयोगले आयोगमा अवामी लिगको दर्ता निलम्बन गर्ने निर्णय गरेको छ ।"

चौरासी वर्षीय युनुसले डिसेम्बरको सुरुमा र पछिल्लो समय जुन २०२६ सम्ममा संसदीय चुनाव हुने बताउनुभएको छ ।

निर्वाचन आयोगले अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले आफ्नो कार्यवाही सम्पन्न नगरेसम्म पार्टी र यसका सम्बद्धहरूलाई ऱ्याली र सम्मेलनसहित कुनै पनि राजनीतिक गतिविधि गर्न निषेध गर्ने निर्देशन पनि जारी गरेको छ ।

बङ्गलादेशमा चुनावमा भाग लिन लगायत राजनीतिक गतिविधिहरूमा संलग्न हुन राजनीतिक दलहरू निर्वाचन आयोगसँग दर्ता हुनुपर्छ । अवामी लिगलाई प्रतिबन्ध लगाइएको यो तेस्रो पटक हो । पहिलो सन् १९७१ मा पाकिस्तानी सैन्य शासक याह्या खानको नेतृत्वमा र दोस्रो सन् १९७५ मा शेख मुजीबुर रहमानको नेतृत्वमा आएको थियो । त्यसबेला रहमानले बङ्गलादेशमा एक दलीय सरकार सुरु गर्नुभएको थियो ।

## पाकिस्तानी जेलबाट एक हप्तामा ३३० अफगान कैदी रिहा

काबुल, ३० वैशाख (रासस/सिन्ह्वा) ।

पाकिस्तानमा बन्दी बनाइएका कुल तीन सय ३० अफगान कैदीलाई रिहा गरी स्वदेश फिर्ता गरिएको मङ्गलबार शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयको आधिकारिक तथ्याङ्कले देखाएको छ । बन्दीहरू दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सीमा क्रसिङ प्वाइन्ट हुँदै गत हप्ता अफगानिस्तान फर्केको मन्त्रालयले बतायो ।

पाकिस्तानले गत वर्ष हजारौं अफगान कैदीलाई रिहा गरी अफगानिस्तान फिर्ता पठाएको छ । करिब ७० लाख अफगान शरणार्थी हाल विदेशमा बसिरहेका छन् । तीमध्ये अधिकांश कागजातविहीन आप्रवासी छन् र अफगानिस्तानको छिमेकी इरान र पाकिस्तानमा बसिरहेका छन् ।

पाकिस्तानी सरकारले सन् २०२५ मा अफगानहरूलाई आफ्नो देशमा निष्कासन गर्ने तयारी गरेको छ । अफगान अन्तरिम सरकारले अफगान शरणार्थीहरूलाई शरणार्थीका रूपमा विदेशमा बस्न र आफ्नो युद्धग्रस्त मातृभूमिको पुनर्निर्माणमा योगदान गर्न घर फर्कन बारम्बार आह्वान गर्दै आएको छ ।

# अनुमति लिएको भन्दा बढी आठ विद्यालयले कक्षा संचालन गर्दै



**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**

सप्तरीको दुईवटा पालिकाका आधा दर्जन भन्दा बढी विद्यालयहरुले अनुमति लिएको भन्दा बढी माथिल्लो कक्षामा भर्ना लिई कक्षा संचालन गरिरहेको पाइएको छ ।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीले बैशाख २८ गतेदेखी सुरु गरेको निजी तथा संस्थागत विद्यालयहरुको अनुगमनका क्रममा कञ्चनरुप नगरपालिकामा दुई र हनुमाननगर कंकालिनी नगरपालिकामा ६ गरि आठ वटा विद्यालयहरुले अनुमति पाएको भन्दा बढी माथिल्लो कक्षा सञ्चालन गरिरहेको पाईएको हो ।

उच्च अदातलत जनकपुर राजविराज इजलासले अनुमति विनाको थप कक्षा संचालन नगर्न नगराउन बैशाख १९ मा आदेश दिएपछि समन्वय इकाईले बैशाख २८ गतेदेखी विद्यालयहरुको स्थलगत निरिक्षण तथा अनुगमन सुरु गरेको छ ।

मंगलवार कञ्चनरुप नगरपालिकास्थित ब्राइट फ्युचर एकेडमीले ३ कक्षाको अनुमति लिए पनि ७ कक्षा सम्म विद्यार्थी भर्ना गरि पठनपाठन गराई रहेको पाइएको छ । यस्तै माउन्ट एभरेष्ट विद्या मन्दिरले ६ कक्षा सम्मको अनुमति प्राप्त गरे पनि ८ कक्षा सम्मको पठनपाठन सञ्चालन गरिरहेको पाईएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत एवं अनुगमन टोली प्रमुख कमलनाथ यादवले जानकारी दिए ।

यसअघि आईतवार सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा सोही टोलीले अनुगमन गर्दा ६ वटा निजी विद्यालयहरुले अनुमति नलिएर कक्षा संचालन गरेको पाइएको थियो ।

अनुगमन टोलीका प्रमुख यादवले विधि प्रक्रिया नपुऱ्याका तथा अनुमति विना संचालनमा रहेका त्यस्ता विद्यालयहरु उपर कानुनी कारबाही हुने बताए । जिल्ला शिक्षा विकास तथा समन्वय इकाईका शाखा अधिकृत यादवसहित जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि शिवनाथ मण्डल र शाखा प्रमुख हरिनारायण साह लगायत टोलीमा सहभागि छन् ।

# विभिन्न बहानामा दलितमाथी हुने गरेको विभेद विरुद्ध कारवाहीको माग



**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**

संयुक्त राजनीतिक दलित संघर्ष समिति सप्तरीले विभिन्न बहानामा दलितमाथी हुने गरेको विभेद विरुद्ध प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ ।

समितिले मंगलबार प्रमुख जिल्ला अधिकारीमार्फत सो ज्ञापनपत्र प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र बुझाएको हो ।

बुझाएको ज्ञापनमा दलित समुदाय माथी पटक पटक आजित छुवाछुत, भेदभाव, कुटपिट, लुटपिट अन्तरजातिय विवाह गरेकै कारण र विभिन्न यज्ञ गर्ने बहानामा उठिवास, दमन शोषण र झुठ्ठा मुद्दा लगाएर जेलमा कोचिने, बलात्कार, सामुहिक बलात्कार गरी हत्या, अपहरण, झुठ्ठा मुद्दामा फसाउने लगायतको दमन शोषण उत्पीडन जस्ता घटनाप्रति दलित समुदाय अत्यन्त पीडित भईरहेको उललेख छ ।

ज्ञापन पत्रमार्फत २०८१ बैसाख १ गते सप्तरीको सुरुङ्गा नगरपालिका ७ हरिपुर टोल स्थित १९ बर्षिय पुजाकुमारी रामको जर्बजस्ती करणी गरी हत्या प्रकरण, विगत दुई बर्षदेखि खडक नगरपालिका २ दुहवी टोलमा बसोवास गर्दै आईरहेका पाँच घर परिवार मुसहर समुदायको रहेको फुसको घर जनता आवासको घर बनाई दिने योजना अलपत्र भएको, बलाल विहुल गाउँपालिका ४ स्थित श्री राष्ट्रिय आधारभूत विद्यालयका कार्यालय सहयोगी राधेश्याम पासमानले सोही विद्यालयको प्रधानाध्यापकको घरमा र खेतमा काम नगरेपछी पछी मानसिक रुपमा यतना दिनु, तलव सुविधा रोक्नु, काज सरुवा गर्न र विद्यालयमा पानी खुवाउन नमिल्ने गरी जातिय छुवाछुत गरेको घटना लगायतमा उचित न्याय र दोषीलाई हदै सम्मको कानुनी कार्वाहीका लागि माग गरिएको छ ।

च स्यस्तै राजगढ गाउपालिका ४ स्थित एलानी जग्गामा पुस्तौ देखि बसोवास गर्दै आईरहेको सुकुम्वासी दलित रन्जन कुमारी सदायको घर सोही पालिकाका वडा अध्यक्ष र केही स्थानीय कथीत उपल्ला वर्गले सामुदायिक भवन बनाउने साथै निजको घर पुनः अन्तै स्थानमा बनाई दिने आश्वन दिएर घरवार विहिन बनाएको, सुरुङ्गा नगरपालिका ५ स्थित दलित बस्तीमा २०८२ बैशाख ११ गते राति अन्दाजी ९ बजे समयमा टोलमा पसी कुटपिट गरी घाईते बनाएको घटनाका दोषीहरुलाई तत्काल पक्राउ गरी कानुनी कार्वाहीका लागी माग गरिएको छ ।

ती घटनाहरुका दोषिहरुलाई हाल सम्म पक्राउ नगरेको साथै उचित कानुनी न्यायका लागि पहल नभएको तथा विभिन्न घटनाको दोषीहरु अहिले सम्म फरार रहेको साथै केही दोषीहरु खुल्लेयाम घुमिरहेकोले उनीहरुलाई पक्राउ गरी कानुनी कार्वाहीका लागि माग गर्दै एक महिना भित्र कानूनी न्याय प्राप्त गर्न नसकेमा बाध्यवस आन्दोलनमा उत्रनु पर्ने ज्ञापनमा उल्लेख छ ।

सो ज्ञापन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार, मुख्यमन्त्री तथा प्रदेश मन्त्रीपरिषदको कार्यालय, गृहमन्त्रि तथा गृह मन्त्रालयको कार्यालय, गृहमन्त्री तथा गृह मन्त्रालय मधेश प्रदेशको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, जिल्ला प्रशासन कार्यालय सिरहा, जिल्ला प्रहरी कार्यालय सिरहा तथा जिल्ला प्रहरी कार्यालय सप्तरीलाई बोदार्थ गरिएको छ ।

# आमा र भाइले आफुलाई बदनाम गर्न खोजेको जेठो छोराको गुनासो

**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**

आमा र भाइले आफूलाई बदनाम गर्न खोजेको सप्तरीको विष्णुपुर गाउँपालिका ६ निवासी शिव कुमार यादवले गुनासो गरेका छन् ।

अघिल्लो दिन आमा र भाईले पत्रकार सम्मेलन गरी आफुमाथी लगाएको आरोपको मंगलबार प्रतिवाद गर्दै उनले प्रेस विज्ञप्ति मार्फत यस्तो गुनासो गरेका हुन् ।

अघिल्लो दिन सोमवार उनका आमा शम्भु देवी यादव र कान्छो भाई सचिनले पत्रकार महासंघमा पत्रकार सम्मेलनको आयोजना गरी शिवले आफुहरुसंग कुनै सल्लाह र सहमती नै नलिई राजविराजस्थित आईडीयल सहकारी संस्था लिं.सँग मिलोमतो गरी एक करोड रुपैया ऋण निकालेको र अहिले सो जग्गा लिलामी प्रक्रियामा जाँदा आफुहरुको विचल्ली भएको गुनासो गरेका थिए ।

शिवले भने मंगलवार प्रेस विज्ञप्ती मार्फत उक्त आरोपको प्रतिपाद गरेका छन । विज्ञप्तीमा गलत बाटोमा लागेका भाई सचिनले उक्साएर आमालाई आफु विरुद्ध उभ्याएको उनको उल्लेख गरेका छन । वुवा कुसुमलाल जीवीत रहेकै बखत २१ कट्टा १७ धुर जग्गा म जेठो छोरा समेतलाई थाह नै नदिई मेरा दिदीको नाममा दानपत्र गरिदिएको र उल्टै मैले आर्जन गरेको सम्पती माथी समेत कब्जा गर्न भाई र आमाले संयुक्तरुपमा सप्तरी जिल्ला अदालतमा अंश मुद्दा चलाएको उनले विज्ञप्तीमा उल्लेख गरेका छन ।

उनले आईडियल सहकारी संस्था लि.बाट लिएको १ करोड ऋण आफुले नभई आमा बुवा र भाई कै सल्लाहमा तीन दिदी/बहिनीको विवाह गर्ने बेला जग्गा धितो राखी निकालिएको दाबी गर्दै अहिले आएर बोली फेरेको प्रेस विज्ञप्तीमा उल्लेख गरेका छन ।

ऋण लिएपछि आफुहरुलाई ललाई फकाई सही छाप गराइएको भनी अघिल्लो दिन पत्रकार सम्मेलनमा आमा र भाईले लागएको आरोपको पनि प्रतिपाद गर्दै उनले सबैको सहमतीमा ऋण लिइएको तथा केही वर्ष सम्म स्वयम आमा र बुआले नै ब्याज तिर्दै कर्जा नविकरण गराएको विज्ञप्तीमा उल्लेख गरेका छन ।

उनले आमा र भाइले आफुहरुको नाममा अब कुनै सम्पती छैन भनेर गरेको दाबी पनि असत्य रहेको भन्दै अहिले पनि आमाको नाममा काठमाण्डौको चापाँगाउँमा ७ आना, सप्तरीको विष्णुपुर गाउँपालिका ६ मा ८ धुरको जग्गा सहित एक तल्ले पक्की घर र २ विगाहा भन्दा बढी कृषी योग्य जग्गा रहेको विज्ञप्ती मार्फत सार्वजनीक गरेका छन ।

उनले समस्याका वेला पुरै परिवारको सहमतिमा लिइएको ऋणको भार अहिले आएर आफुमात्र लाई बोकाउने अनि चरित्र हत्या समेतको प्रयास भएको विज्ञप्तीमा उल्लेख गरेका छन ।

यस्तै विज्ञप्ती मार्फत उनले आफ्नै भाई सचिनबाट आफ्नो नाबालक छोराको अपहरण गर्ने धम्की समेत आउन थालेको जनाउदै स्थानीय प्रशासनसँग शान्ति सुरक्षाको माग समेत गरेका छन ।

## सगरमाथा संवादमा ...

प्रस्तुत गरिने छ । भारत र चीनका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउनुहुने विशिष्ट पाहुना र कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम रहेको संवाद सचिवालयले जनाएको छ ।

कार्यक्रममा संवादलाई सम्बोधन गरी संयुक्त राष्ट्रसङ्घका महासचिवले पठाउनुभएको श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिने छ । उद्घाट्नपछि १२ छुट्टाछुट्टै विषयमा कार्यक्रम सञ्चालन हुनेछन् । राजनीतिज्ञ, नीति निर्माता, विद्वान, विज्ञ एवं विषय ज्ञाता र अनुसन्धानकर्ताको गहन ढङ्गको छलफल एवं विचार आदानप्रदान तथा विश्लेषणका माध्यमबाट जलवायु परिवर्तन र पर्वतीय समस्या समाधान तथा संभावनामा जोड दिइने कार्यक्रम रहेको मन्त्री डा राणाले बताउनुभयो ।

सगरमाथा संवादमा विभिन्न मुलुकका साथै सार्क, बिम्स्टेक, विश्व बैङ्क, एसियाली विकास बैङ्कलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी संगठन एवं संस्थाले भाग लिनुहुनेछ ।

मन्त्री डा राणाले नेपाललाई तटस्थ, संवादप्रेमी कूटनीतिको नेतृत्वदायी भूमिकामा स्थापित गर्न सकिन्छ भन्ने दृढ विश्वास रहेको उल्लेख गर्दै विश्वव्यापी मुद्दामा नेपालको प्रतिबद्धतालाई उजागर गर्दै सहयोग र साझेदारी विकास गरी राष्ट्रिय आत्मविश्वास बढाएर नेपालको विश्वव्यापी छविलाई उचित रूपमा स्थापित गर्न सकिन्छ भन्ने मान्यता राखिएको बताउनुभयो ।

# हुलाक बचत बैंकको रकम अनियमितता अभियोगमा मुद्दा दायर

काठमाडौँ, ३० वैशाख (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन कार्यालय प्रमुख जयलालप्रसाद साह कानूसहित छजनाविरुद्ध सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले २०६० सालदेखि हुलाक बचत बैङ्कको जिम्मा लिँदै आएकाहरूले बचतकर्ताको रकमको अभिलेख नराखी आफूखुसी अपचलन गरेको अनुसन्धानका क्रममा पाइएकाले मुद्दा दायर गरिएको जनाएको छ ।

उनीहरूले बैङ्कमा जनताको निक्षेप सङ्कलन गरी बचतकर्ताको पासबुक, लेजरमा मात्रै प्रविष्ट गरेको र कार्यालयको नगदी रजिष्टरमा नराखेको, बैङ्क दाखिला नगरी आफूखुसी बाँडफाँड गरी अपचलन गरेको अनुसन्धानका क्रममा पाइएको आयोगको ठहर छ ।

जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन प्रमुख जयलालप्रसाद साह कानू, अदालतप्रसाद कुर्मी, बुन्नीप्रसाद यादव, सुरेन्द्रप्रसाद यादव, सुजितकसुमार साह, तत्कालीन नासु बलिरामप्रसाद कुर्मीलगायतले रु पाँच करोड ३५ लाख ६४ हजार २७९ बराबरको रकम हिनामिना गरेको आयोगको अभियोग छ ।

उनीहरूविरुद्ध कैद, जरिवाना र बिगोसमेत असुल उपरको गरी पाऊँ भन्दै आयोगले मुद्दा दायर गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*